मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :कृषि ०२-२०८१/८२
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

## वडागत कृषि उत्पादन पकेट विकास कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मिति २०८१/०५/१३

मन्थली नगरपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा कृषि उत्पादन पकेट विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले यस अघि स्थापना भएका पकेटहरुको हकमा सम्बन्धित पकेट कार्यक्रम सञ्चालन गरी रहेका कृषक समूह/कृषि सहकारीहरुले र नयाँ पकेट कार्यक्रम सञ्चालन गर्न इच्छुक देहायका वडाका तोकिएको मापदण्ड पुरा भएका कृषकहरु/कृषि फर्म/कृषि सहकारी/कृषक समूहले तपसिलका कागजात सहित यो सूचना प्रकाशित मितिले १५ दिन (मिति २०८१/०५/२७ गते) भित्र कार्यालय समयमा सम्बन्धित वडा कार्यालय वा वडास्थित कृषि/पशु सेवा केन्द्रमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. यस अघि स्थापना भएका पुरानो पकेटहरुः**

वडा नं. ७, ९ र १२ बाहेकका सबै वडाका पकेटहरु

**२. नयाँ स्थापना गर्नु पर्ने पकेटहरुः**

| वडा नं. | पकेट बालीको नाम | कैफियत |
|---|---|---|
| ७ | तरकारी, फलफूल | मौसम अनुसारको तरकारी तथा फलफूल |
| ९ | सुन्तलाजात फलफूल, तरकारी, फूल | सुन्तला, जुनार, कागती र मौसमी तरकारी/फूल |
| १२ | मसलाबाली, तरकारी | अदुवा, बेसार र मौसमी तरकारी |

**३. आधारभूत मापदण्डहरुः**

बिजुली लगायत आधारभूत पूर्वाधारको सुविधा भएको। ,सडक (क)

(ख)भूगोल, हावापानी र माटो सुहाउँदो तथा सिंचाईको सुविधा वा सम्भावना रहेको।

)गरोपनी चक्लाबन्दी मिलेको ५० जग्गाको क्षेत्रफल न्यूनतम (।

)घबजारीकरणको लागि सहज। (

**४. पेश गर्नु पर्ने कागजातहरुः**

(क) "वडागत उत्पादन पकेट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" को अनुसुची-१ अनुसार निवेदन।

(ख) अनुसुची-४ अनुसारको प्रस्तावपत्र (पुरानो पकेटको हकमा संस्थागत साझेदारी सहित अधिकतम ३ लाख र नयाँ पकेटको हकमा साझेदारी सहित अधिकतम ७ लाख)।

(ग) अनुसुची-५ अनुसारको प्रतिवद्धता पत्र।

(घ) समूह/सहकारीको हकमा अनुसुची-२ अनुसारको संस्थागत विवरण।

(ङ) निवेदकको नागरिकता प्रतिलिपि, जग्गा धनी पूर्जाको प्रतिलिपि।

(च) चालु आ.व. मा कृषि विकास उपशाखामा सुचीकृत नभएका कृषि फर्म/समूह/सहकारीको हकमा दर्ता/नवीकरण/इजाजत, चालु आ.व. को कर चुक्ता विवरण, स्थायी लेखा नं. र लेखा परीक्षण (समूहको हकमा कर चुक्ता, स्थायी लेखा नं. र लेखा परीक्षण अनिवार्य नभएको)।

५।१३

गोविन्द कुमार कटेल
शाखा अधिकृत

शाखा अधिकृत